नियम संख्याः २/२०८०/०८१
कार्यपालिका बाट स्वीकृत मितिः २०८०/०३/१०

# सान्नी त्रिवेणी गाउँपालिका
# कार्यपालिकाको आर्थिक ऐन, २०८०

सान्नी त्रिवेणी गाउँपालिका
मेहलमुडी, कालीकोट
कर्णाली प्रदेश
नेपाल।

**सान्नी त्रिवेणी गाउँपालिका**
**मेहलमुडी, कालीकोट**
**कर्णाली प्रदेश**
**नेपाल**

# स्थानीय तहको आर्थिक ऐन

## सान्नी त्रिवेणी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः**

सान्नी त्रिवेनी गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने, स्थनीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम, सान्नी त्रिवेणी गाउँसभाले यो अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्ने सम्बन्धी ऐन बनाई गाउँसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः
(१) यो ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ।
(२) यो ऐन २०८० साल श्रावण १ गते देखि सान्नी त्रिवेणी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-
(क) "ऐन" भन्नाले सान्नी त्रिवेणी गाउँपालिकाको 'आर्थिक ऐन, २०८०" सम्झनुपर्छ।
(ख) "कार्यपालिका" भन्नाले सान्नी त्रिवेणी कार्यपालिका सम्झनुपर्छ।
(ग) "गाउँपालिका" भन्नाले सान्नी त्रिवेणी गाउँपलिका सम्झनुपर्छ।
(घ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भए वा नभएको जुनसुकै फर्म सम्झनुपर्छ।
(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ।
(च) "सभा" भन्नाले सान्नी त्रिवेणी गाउँपालिकाको सभा सम्झनुपर्छ।
(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ।

३. सम्पति करः गाउँपालिका क्षेत्रभित्र **अनुसचि-१** बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

४. भूमि कर (मालपोत): गाउँपालिका क्षेत्रभित्र **अनुसूचि-२** बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**५. घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा **अनसूची-३ बमोजिम** घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

६. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसूचि-४** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

७. **जडिबुटी, कवाडी र जीवजन्तु कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि-५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. **ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¥याफ्टीङ्ग शुल्क**: गाउँपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर ¥याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूचि - ६ बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

९. **सेवा शुल्क, दस्तुर**: गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका **अनुसूचि -७** मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पर्यटन शुल्क**: गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूचि ८ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

११. **कर छुट नहुने**: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१२. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि**: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ । कर तथा शुल्क संकलनका दरहरु ऐन तथा निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएपश्चात स्थानीय तहमा लागु हुनेछ ।

अनुसूचि-१

(दफा ३ सम्बन्धित)

एकिकृत सम्पत्ति कर/घर करका दरहरू

| क्र.सं. | करका क्षेत्र/बिबरण | दर रू. |
|---|---|---|
| १. | खरले छाना छाएको निजी आवासीय घर | रु. ५० प्रति वर्ष |
| २. | जस्ता/ढुङ्गाले छाना छाना छाएको निजी आवासीय घर | रु. १०० प्रति वर्ष |
| ३ | पर्खाल / पिलर उठाई छाना ढलान गरिएको निजी घर | रु. ५०० प्रति वर्ष |
| ४. | पर्खाल/पिलर उटाई छाना ढलान गरिएको व्यापारिक उद्देश्यका (भाडामा लगाएको) घर | रु. १००० प्रति वर्ष |
| पुनश्चः घर कर बापत लाग्ने कर आ.व. २०७४/०७५ देखि लागु भएको मानिनेछ र आ.व. २०७४/०७५ देखिको घर कर बुझाउन बाँकी हुन आउने रकम आ.व. २०८०/०८१ को पौष मसान्त सम्म बुझाएमा बाँकी बक्यौता बापत जरिवाना पूरै छुट र जम्मा रकममा ५० प्रतिशत छुट हुनेछ । | | |

अनुसूचि - २

(दफा ४ सँग सम्बन्धित)

भूमिकर (मालपोत) का दरहरू

| क्र.सं. | करका क्षेत्र/बिबरण | दर रू. |
|---|---|---|
| १. | सबै किसिमको भुमिको भुमिकर प्रति वर्ग मिटर | रु. ०.०३ |
| पुनश्चः यो ऐन लागु हुँदाका मिति भन्दा अघिल्ला वर्षहरुको तिर्नुपर्ने करमा जम्मा बाँकी कर आ.व. २०८०/०८१ को पौष मसान्तसम्ममा एकमुष्ट बुझाएमा जरिवाना पुरै मिनाहा र भुमिकर बापत हुने जम्मा करमा ५० प्रतिशत छुट हुनेछ । | | |

अनुसूचि-३

(दफा ५ सँग सम्बन्धित)

घरबहाल करका दरहरू

| क्र.सं. | करका क्षेत्र/बिबरण | दर रू. |
|---|---|---|
| १. | घरायसी बास प्रयोजनको लागि दिइएको घर बहालबापत बहाल दरको जम्मा रकमको प्रति महिना | ५ प्रतिशत |
| २. | व्यवसायिक प्रयोजन, गोदाम आदिको लागि दिइएको घर बहालबापत बहाल करको जम्मा रकमको प्रति महिना | १० प्रतिशत |
| ३ | अन्य प्रयोजन प्रति महिना | १० प्रतिशत |

अनुसूची-४
(दफा ६ संग सम्बन्धित)
व्यावसाय करका दरहरु

| क.सं. | करका क्षेत्र/विवरण | दर्ता वापत शुल्क | वार्षिक नविकरणबापत शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | किराना खुद्रा पसल | १००० | ५०० | |
| २. | होटल | १००० | ५०० | |
| ३. | औषधि पसल | २००० | १००० | |
| ४. | माछामासु पसल | १००० | ५०० | |
| ५. | एग्रोभेट पसल | १००० | ५०० | |
| ६. | स्टेशनरी तथा पुस्तक पसल | १००० | ५०० | |
| ७. | कस्मेटिक पसल | १००० | ५०० | |
| ८. | छपाई पसल | १००० | ५०० | |
| ९. | कपडा फेन्सी पसल | १००० | ५०० | |
| १०. | इलेक्ट्रोनिक पसल | १००० | ५०० | |
| ११. | फर्निचर उद्योग | २००० | १००० | |
| १२. | कपडा सिलाई कटाई | १००० | ५०० | |
| १३. | भाँडा पसल | १००० | ५०० | |
| १४. | फलफूल तथा तरकारी पसल | १००० | ५०० | |
| १५. | खच्चर ढुवानी सेवा | १००० | ५०० | |
| १६. | फोटो स्टुडियो | १००० | २०० | |
| १७. | कुटानी पिसानि मिल | १००० | २०० | |
| १८. | अल्लो प्रशोधन केन्द्र | १००० | ५०० | |
| १९. | निर्माण व्यावशायी | ५००० | २५०० | |
| २०. | होम स्टे | २००० | १००० | |
| २१. | वित्तीय बैंक संचालन | ३००० | २००० | |
| २२. | वहुउद्देश्यीय तथा एकल सहकरी संस्था | ३००० | १५०० | |
| २३. | जुत्ता सिलाउने पसल | ५०० | २०० | |
| २४. | ज्योतिष सेवा संचालन | ५०० | २०० | |
| २५. | ढुङ्गा, वालुवा वा पत्थर सप्लाई व्यावसाय | १००० | ५०० | |
| २६. | फलामे आरन व्यावसाय | १००० | ५०० | |
| २७. | अटोमोवाइल मर्मत केन्द्र/ज्यारेज | १००० | ५०० | |
| २८. | व्यक्तिगत फर्म/उद्योग | १००० | ५०० | |

## अनुसूची- ५

(दफा ७ संग सम्बन्धित)

### जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरू

| क.सं. | करका क्षेत्र/बिबरण | दर रू. |
|---|---|---|
| १. | जडिबुटि, वनजन्य अन्य खनिज पदार्थहरु प्रति के.जी. मुल्यको | ५% |
| २. | कवाडी विक्री बापत प्रति के.जी. रु. | १। |
| ३. | वनजन्य काठ(काठको प्रकृति र मुल्य अनुसार) प्रति क्यु. फिट रु | १०। |
| ४. | वनजन्य दाउरा, घाँस, पात संकलन गर्न प्रवेश शुल्क प्रति पटक (गा.पा. भित्रका) | १०। |
| ५. | वनजन्य दाउरा, घाँस, पात संकलन गर्न प्रवेश शुल्क प्रति पटक (गा.पा. बाहिरका) | ५०। |
| ६. | अन्य विशेष बहुमुल्य खनिज पदार्थहरु मुल्यको आधारमा प्रति के. जी. मुल्यको | २०% |

## अनुसूचि-६

(दफा ८ सँग सम्बन्धित)

### ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क

| क.सं. | करका क्षेत्र / बिबरण | दर रू. |
|---|---|---|
| १. | ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र याफ्टीङ्गमा जाने नेपाली नागरिकको प्रति व्यक्ति प्रति पटक प्रवेश शुल्क | १०००। |
| २. | ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र याफ्टीङ्गमा जाने विदेशी नागरिकको प्रति व्यक्ति प्रति पटक प्रवेश शुल्क | ३०००। |
| ३. | ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र याफ्टीङ्गमा जाने नेपाली तथा विदेशी नागरिकको भरियाको प्रति व्यक्ति प्रति पटक प्रवेश शुल्क | ३००। |

अनुसूचि - ७
(दफा ९ सँग सम्बन्धित)
सेवा शुल्क, दस्तुर

| क्र.सं. | करका क्षेत्र / विवरण | दर रू. |
|---|---|---|
| १. | घर जग्गा नामसारी सिफारिस | २०० |
| २. | मोही लगत कट्टा सिफारिस | १०० |
| ३. | घर कायम सिफारीस | ५०० |
| ४. | सर्जमिन सिफारिस | १०० |
| ५. | छात्रवृत्ती सिफारिस | १०० |
| ६. | विपन्न असहाय सिफारिस | निशुल्क |
| ७. | पिछडिएको क्षेत्र सिफारिस | १०० |
| ८. | अपाङ्गताको सिफारिस | निशुल्क |
| ९. | अस्थायी बसोबास सिफारिस | १०० |
| १०. | स्थायी बसोवास सिफारिस | २०० |
| ११. | नागरिकताको सिफारिस वंशज / वैवाहिक अंगिकृत सिफारिस | १००/५०० |
| १२. | विद्युत् जडान सिफारिस | १०० |
| १३. | धारा जडान सिफारिस | १०० |
| १४. | जिवित रहेको सिफारिस | १०० |
| १५. | दुवै नाम, थर गरेको व्यक्ती एकै हो भन्ने वा जन्म मिति संशोधन सिफारिस | १०० |
| १६. | व्यवसाय वन्द सिफारीस | २०० |
| १७. | कोर्ट फि मिनाहा सिफारिस | निशुल्क |
| १८. | नावालक परिचय पत्र सिफारिस | १०० |
| १९. | चौपाया सम्बन्धि सिफारिस | ५०० |
| २०. | उद्योग ठाउँसारी सिफारिस | १००० |
| २१. | विद्यालय ठाउँसारी | ५०० |
| २२. | विद्यालय संचालन स्वीकृती | १००० |
| २३. | व्यक्तिगत सिफारिस नविकरण | १०० |

| | | |
|---|---|---|
| ५२. | योजना सम्पन्नताको सिफारिस प्रति २ लाखका दरले -(०.०५%) | १०० |
| ५३. | मुहान दर्ता सिफारिस | १०० |
| ५४. | सरकारी घर, हल, कोठा प्रयोग गर्न दिए बापत सेवा शुल्क प्रति दिन | ५०० |
| ५५. | नागरिकता प्रतिलिपी सिफ़ारिस | २०० |
| ५६. | घट्ना दर्ता (जन्म, बिवाह, बसाईसराई, सम्बन्धबिच्छेद, मृत्यु) प्रमाणपत्र | २०० |
| ५७. | घट्ना दर्ता (जन्म, बिवाह, बसाईसराई, सम्बन्धबिच्छेद, मृत्यु) प्रतिलिपी | ५०० |
| ५८. | गिट्टी, वालुवा, ढुङ्गा, माटो प्रति ट्याक्टर बापत | ३०० |
| ५९. | गिट्टी, वालुवा, ढुङ्गा, माटो प्रति टिप्पर बापत | ५०० |

अनुसूचि ८

(दफा १० सँग सम्बन्धित)

पर्यटन शुल्क

| क.सं. | करका क्षेत्र / बिबरण | दर रू. |
|---|---|---|
| १. | ७ दिन सम्मको लागि पर्यटक नेपाली नागरिकको प्रति व्यक्ति प्रति पटक प्रवेश शुल्क | ५०० |
| २. | ७ दिन भन्दा बढि दिनको लागि पर्यटक नेपाली नागरिकको प्रति व्यक्ति प्रति पटक प्रवेश शुल्क | १००० |
| ३. | ७ दिन सम्मको लागि पर्यटक बिदेशी नागरिकको प्रति व्यक्तिप्रति पटक प्रवेश शुल्क | ३००० |
| ४. | ७ दिन भन्दा बढि दिनको लागि पर्यटक बिदेशी नागरिकको प्रतिव्यक्ति प्रति पटक प्रवेश शुल्क | ५००० |
| ५. | पर्यटक नेपाली तथा बिदेशी नागरिकको भरियाको प्रति व्यक्ति प्रति पटक प्रवेश शुल्क बापत | ३०० |

| | | |
|---|---|---|
| २४. | जग्गा दर्ता सिफारिस | १०० |
| २५. | संरक्षक सिफारिस | १०० |
| २६. | नेपाल सरकारको नाममा बाटो कायम भएको सिफारिस | १०० |
| २७. | स्वास्थ्य उपचारको सिफारिस | निशुल्क |
| २८. | संस्था दर्ता सिफारिस | ५०० |
| २९. | जग्गा धनि पुर्जा हराएको सिफारिस | १०० |
| ३०. | बैंक खाता संचालन/बन्द सिफारिस | १०० |
| ३१. | अन्य सिफारिस वा प्रमाणित | १०० |
| ३२. | जिवित संगको नाता प्रमाणित सिफारिस | १०० |
| ३३. | मृतक संगको नाता प्रमाणित सिफारिस | १०० |
| ३४. | आर्थिक सम्पन्नताको सिफारिस | ५०० |
| ३५. | विपन्नताको प्रमाणित सिफारिस | १०० |
| ३६. | जग्गा मुल्याङ्कन प्रमाणित सिफारिस | ५०० |
| ३७. | चार किल्ला प्रमाणित | १०० |
| ३८. | जन्ममिति प्रमाणित | १०० |
| ३९. | घरबाटो प्रमाणित | १०० |
| ४०. | विवाह दर्ता प्रमाणित | १०० |
| ४१. | घर पाताल प्रमाणित | १०० |
| ४२. | कागज मन्जुरिनामा | १०० |
| ४३. | हकवाला वा हकदार सिफारिस | १०० |
| ४४. | अविवाहित प्रमाणित | १०० |
| ४५. | अपुताली प्रमाणित | १०० |
| ४६. | घर नक्सापास सिफारिस दस्तुर | ५०० |
| ४७. | घर जग्गा बिक्री सिफारिस | १०० |
| ४८. | नक्सापास निवेदन वा फाराम दस्तुर | १०० |
| ४९. | आन्तरिक बसाईसराई सिफारिस | १०० |
| ५०. | सडक खन्ने सिफारिस | ५०० |
| ५१. | योजना संम्झौता सिफारिस | ५०० |